# बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत मिति २०७२/११/२८

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**सिंहदरबार**

**विषय सूची**


| | |
|---|---|
| १.पृष्ठभूमि | १ |
| २.अर्न्तराष्ट्रिय प्रतिवद्धता | १ |
| ३. राष्ट्रिय कानुनी व्यवस्था तथा नीति | ३ |
| ४. वर्तमान स्थिति | ४ |
| ५.रणनीति तर्जुमा प्रक्रिया र अध्ययनबाट प्राप्त नतिजा | ४ |
| ६. राष्ट्रिय रणनीति तर्जुमाको औचित्य | ५ |
| ७.राष्ट्रिय रणनीतिका सिद्धान्तहरू (Principles of the National Strategy | ६ |
| ८.दूरदृष्टि (Vision) | ६ |
| ९.ध्येय (Mission) | ६ |
| १०. लक्ष्य (Goal) | ६ |
| ११.उद्धेश्यहरू (Objectives) | ७ |
| १२.रणनीतिक कार्यदिशा ( Strategic Directions) | ७ |
| १३. कार्यान्वयन , समन्वय र अनुगमन र मूल्याङ्कन | १२ |
| अनुसूची १ | १५ |
| बिभिन्न मन्त्रलयको भूमिका | |

## १. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मूलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् ।

बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सर्न्दभमा बाल विवाह ले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्ल्घनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

## २. अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रतिबद्धता

विश्वव्यापी स्तरमा बाल विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची ( SDGs)(२०१६–२०३०) मा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव[1] र यसपछि सोही बर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा

[1] UN Human Rights Council (2013). 24th session. Resolution 24/23: *Strengthening efforts to prevent and eliminate child, early and forced marriage: challenges, achievements, best practices and implementation gaps- Adopted by the Human Rights Council.*

जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन्[2] ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९; महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखहरु मार्फत नागरिकहरुको आधारभूत अधिकारहरु बिषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो ।[3] त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह , कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको “बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल” (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा “बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)” (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ। यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा “बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि” विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको

[2].UN General Assembly (2013). 68th session. Resolution 68/148: *Child, early and forced marriage- Adopted by the General Assembly.*

[3]Human Rights Committee, Report of the Human Rights Council on its twenty-fourth session, para. 195, U.N. Doc. A/HRC/24/2 (2014).

लागि काठमाडौं आव्हान” Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

## ३. राष्ट्रिय कानुनी व्यवस्था तथा नीति :

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने गरी वालवालिकाको हकको रुपमा स्थापित गरेको छ। यी कार्यहरुलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यवाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ ।

नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाईने कुरा उल्लेख गरी त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ ।

मुलुकी ऐन, २०२० जारी हुदाँका बखत १४ बर्ष नपुगेकी स्वास्नीमानिस र १८ वर्ष नपुगेको लोग्ने मानिसले बिबाह गर्न नपाउने व्यवस्था गरिएकोमा पछि स्वास्नीमानिसको उमेर १६ बर्ष कायम गरियो। तत्पश्चात मुलुकी ऐनको एघारौं संसोधनबाट महिला र पुरुष दुवैको उमेर संरक्षकको मञ्जुरीले १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्ष तोकियो। पछिल्लो पटक केही नेपाल कानुनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७२ ले मुलुकी ऐन, २०२० मा भएको संशोधन गरी विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। उक्त कानुनी व्यवस्थाको उल्लंघन गरेमा वालवालिकाको उमेर अनुसार बढीमा तीन बर्षसम्म कैद र दश हजार रुपैयासम्म जरीवाना गर्न सक्ने व्यवस्था समेत गरिएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले वाल विवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ। नीतिको रणनीति नं ८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ। यसैगरी रणनीति नं ९.३ मा स्थानीयस्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ। तेह्रौं योजना ( २०७०–२०७१ / २०७२–२०७३) मा बाल विवाह को रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिईएको छ। त्यसैगरी किशोर किशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०।०७१-२०७४।०७५) ले खासगरी सीमान्तकृत किशोरकिशोरीहरुलाई असर पार्ने हानिकारक सामाजिक परम्परा विभेद न्यूनीकरण सम्बन्धी

नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र वाल विवाहमा परेका किशोर किशोरी मूलतः किशोरीहरुलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ ।

## ४. वर्तमान स्थिति :

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ (NDHS, 2011) ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ । अर्को तर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ[4] .

नेपालमा बाल विवाहको दर विकास क्षेत्र, बसोवास क्षेत्र, आर्थिक-सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताहरूका आधारमा फरक फरक रहेको छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाईएको छ ।[5] राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्छन् ।[6]अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बाल विवाहको बढी जोखिममा रहेको पाईएको छ प्रवेशिका वा सो भन्दा धेरै पढेका महिलाहरूको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरूको विवाह गर्ने उमेर १७ बर्ष भएको देखिन्छ ।[7]त्यस्तै, आर्थिक अवस्था सबल भएका भन्दा कमजोर भएका महिलाहरूको सालाखाला दुई बर्ष कम उमेरमै विवाह भएको पाईन्छ ।[8]देशका केही विशेष क्षेत्रहरूमा बाल विवाहको दर उच्च रहेको पाईएको छ र मधेशी समुदायका साथै सीमान्तीकृत समूहहरू जस्तै दलित, जनजाति र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ । यसैगरी रणनीति तर्जुमाको क्रममा ६ वटा जिल्लाहरुमा गरिएको अध्ययनवाट बिगत केही समय यता उमेर नपुग्दै किशोरकिशोरी भागेर विवाह गर्ने र विभिन्न हिंसामा पर्ने क्रममा बढोत्तरी भएको पाईएको छ ।

## ५. रणनीति तर्जुमा प्रक्रिया र अध्ययनवाट प्राप्त नतिजा :

मन्त्रालयले बाल विवाह अन्त्य गर्ने रणनीति तयार गर्ने प्रयोजनको लागि मस्यौदा तयार गर्न सरकारी तथा गैर सरकारी सरोकारवाला निकायहरुको सहभागितामा मन्त्रालयका महिला सशक्तिकरण तथा बाल विकास महाशाखा प्रमुखको संयोजकत्वमा एक निर्देशक समिति गठन गरेको थियो । सोही समितिको मार्गदर्शनमा यूनिसेफ नेपाल र "बालिका दुलही होईनन्" (Girls not Bride) नाम संस्थाको प्राविधिक सहयोगमा यो रणनीति तयार भएको हो । यसै

[4] UNICEF, 2014. Estimated number of girls 10-19 at risk of being married as children. Calculation based on national census data.
[5]Government of Nepal, Nepal Adolescent and Youth Survey (NAYS), 2012.

[6]UNFPA, 2012. Marrying Too Young: End Child Marriage, p. 25.
[7]Nepal Demographic Health Survey, 2011.
[8]Nepal Demographic Health Survey, 2011.

सिलसिलामा सन् २०१४ मा बाल विवाह दर उच्च रहेका ६ वटा जिल्लाहरू बझाङ्ग, बैतडी, दैलेख, कपिलवस्तु, रौतहट र सप्तरी जिल्लामा गरिएको खोजमूलक अनुसन्धानबाट प्राप्त तथ्य तथ्यांकहरू, व्यवस्थापिका संसदका सदस्य लगायत सरोकारवालाहरूसँग भएको छलफल एवं अन्तर्क्रियाबाट प्राप्त पृष्ठपोषणका साथै सहायक सन्दर्भ सामग्रीलाई रणनीति तर्जुमाको आधार लिईएको छ। यस अनुसन्धानबाट प्राप्त नतिजाहरुवाट देहायका कारणहरुले वाल विवाहलाई प्रश्रय दिईरहेको पाईएको छ।

५.१ विवाहलाई महिला र पुरुपको दाम्पत्य जीवन भन्दा विवाह बन्धनको रुपमा लिने धार्मिक एवं साँस्कृतिक मान्यता।

५.२ विवाहलाई पुरुष र महिलाको पारिवारिक मिलनसंग जोडी सामाजिक मर्यादालाई बढी महत्व दिने परम्परा।

५.३ उमेर नपुग्दै हुने विवाहवाट हुनसक्ने हानि र थप समस्याको वारेकामा जानकारीको न्यूनता।

५.४ छोरीलाई दायित्व र भारको रुपमा लिने पितृसत्तात्मक सोँच।

५.५ किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव।

५.६ किशोर किशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी।

५.७ वैवाहिक कार्यमा अभिभावकको निर्णायक भूमिका।

५.८ संचार सामाग्री र सामाजिक संजालको दुरुपयोगबाट किशोरकिशोरीमा पर्न गएको नकारात्मक प्रभाव।

५.९ बाल विवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी।

५.१० विद्यमान कानूनको कमजोर कार्यावन्यन अवस्था आदि।

## ६. राष्ट्रिय रणनीतिको औचित्य :

६.१ नेपालमा बाल विवाहलाई दण्डनीय अपराध मानेता पनि यो प्रचलनलाई अझै पनि पूर्णरुपमा हटाउन सकिएको छैन। नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। यसका साथै संविधानतः बालवालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा,प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविबाह अन्त्यका लागि प्राथमिकताकासाथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ।

६.२ नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि पनि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ।

६.३ वाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं वालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा तत्तत् निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने राष्ट्रिय प्रतिबद्धताको आवश्यकता छ।

६.४ बाल विवाहको अन्त्य गर्ने र बाल विबाहको कारणवाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै देश विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ७. राष्ट्रिय रणनीतिका सिद्धान्तहरू (Principles of the National Strategy):

**७.१ समानताको अधिकार :** प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

**७.२ बालबालिकाको सर्वोत्तम हित:** बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

**७.३ बाल बचाउ र विकास:** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

**७.४ संरक्षण:** बाल विवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

**७.५ अर्थपूर्ण सहभागिता:** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भै उनीहरूको महत्व बढाउन योगदान पुग्छ ।

**७.६ राज्यको दायित्व:** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाह को रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

## ८. परिकल्पना (Vision) :

बालमैत्री एवं लैगिंक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने ।

## ९. ध्येय (Mission) :

बाल विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।

## १०. लक्ष्य (Goal) :

सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने ।

## ११. उद्धेश्यहरू (Objectives) :

११.१ बाल विवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानुनको संशोधन एवं परिमार्जन गर्ने ।

११.२ आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

११.३ बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

११.४ बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

११.५ बालबालिका बिशेषतः बाल विवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाई तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने ।

११.६ बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

११.७ नेपाल सरकार तथा बिकासका साझेदार संस्थाहरूको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

## १२. रणनीतिक कार्यदिशा ( Strategic Directions) :

बाल विवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा (Theory of Change) आधारित देहाय बमोजिमका रणनीतिक उपायहरु अबलम्बन गरिनेछन् ।

### १२.१ बालिका र किशोरीको सशक्तीकरण :

१२.१.१ औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको बिकास गर्ने ।

१२.१.२ औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुँच बढाउने ।

१२.१.३ विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको पहुंच सुनिश्चित गर्ने ।

१२.१.४ राष्ट्रियदेखि स्थानीयस्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने ।

१२.१.५ बाल विवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।

## १२.२ बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने :

१२.२.१ विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।

१२.२.२ विद्यालयबाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई बिभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।

१२.२.३ विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।

१२.२.४ भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।

१२.२.५ विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।

१२.२.६ विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

१२.२.७ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान संचालन गर्ने ।

१२.२.८ छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।

१२.२.९ बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

१२.२.१० विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।

१२.२.११ विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।

१२.२.१२ विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने ।

१२.२.१३ बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।

## १२.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता :

१२.३.१ बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिबृद्धि गरी बाल विवाह , लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

१२.३.२ सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बाल विवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बाल विवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा जनमत सृजना गर्ने ।

१२.३.३ बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।

१२.३.४ बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाह मा सहभागी हुने तथा दाइजो, वैकल्या जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।

१२.३.५ बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

१२.३.६ बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्ने ।

## १२.४ परिवार र समुदायको परिचालन गर्ने :

१२.४.१ समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह बिरुद्धको अभियान संचालन गर्ने ।

१२.४.२ असल अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमवाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

१२.४.३ सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बाल विवाहका विरुद्धमा परिचालन गर्ने ।

१२.४.४ छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बाल विवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रुपमा स्वीकार गरी "बाल विवाह मुक्त स्थानीय निकाय" को अभियान संचालन गर्ने ।

१२.४.५ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वधन र क्षमतामा अभिवृद्धि गर्ने ।

१२.४.६ दाइजो लेनदेन नगर्ने तथा बाल विवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

१२.४.७ बाल विवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र संजाल मार्फत प्रसारण गरी बाल बिवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

## १२.५ सेवा प्रवाह :

१२.५.१ बाल विवाह को जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

१२.५.२ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन्स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा(Adolescent Friendly Health Services), गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बाल विवाह को जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

१२.५.३ बाल विवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

१२.५.४ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने ।

१२.५.५ पारीवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वा बिवाहित (विशेष गरी हिंसा, दुर्व्यवहार र बेचविखनमा परेका) बालिकालाई जीवनोपयोगी सीप, आय

आर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।

१२.५.६ बाल बिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडा नागरिक मञ्च, लैङ्गिक सशक्तिकरण तथा हिंसा निवारण जिल्ला समन्वय समिति, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

१२.५.७ स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरूका कार्यक्रमहरूमा बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

१२.५.८ स्थानीय निकायमा बाल विवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।

१२.५.९ पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिबृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने ।

१२.५.१० विवाह भैसकेका बालिका, बालविधुवा तथा बैकल्याहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने ।

१२.५.११ वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारीवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

## १२.६ कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन :

१२.६.१ बाल विवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न राष्ट्रिय कानून तथा नीतिहरुलाई संबैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अनुरुप पुनरावलोकन गरी समायोजन गर्ने ।

१२.६.२ बालविवाह सम्बन्धी विद्यमान कानुन र यससँग सम्बन्धित अन्य कानूनहरू (जस्तैः सम्पत्तिको हक, लैङ्गिक हिंसा, पारपाचुके, विवाह बदर गर्ने, वैवाहिक बलात्कार, दाईजो र जन्म दर्ता, नागरिकता आदि) बीच सामञ्जस्यता कायम गर्न कानुनमा संशोधन गर्ने ।

१२.६.३ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग,थारु आयोग,मधेशी आयोग मुस्लिम आयोगले अनुगमन गरी प्राप्त गरेका सुझाव तथा पृष्ठपोषणको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१२.६.४ बालिका र महिलाको सशक्तिकरणको लागि महिला विरुद्धका विद्यमान सबै विभेदकारी कानुन परिमार्जन/संशोधन गर्ने ।

१२.६.५ बाल विवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

१२.६.६ स्थानीय अदालत र अन्य न्यायिक/अर्धन्यायिक निकाय र पदाधिकारीहरूलाई बाल विवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।

१२.६.८ विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बाल विवाह विरुद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।

१२.६.९ कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने ।

१२.६.१० बाल विवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूको लागि आवश्यक कानुनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्ति राज्यले सुनिश्चित गर्ने ।

## १३. कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्याङ्कन :

१३.१ बाल बिवाहको अन्त्य गर्ने राष्ट्रिय रणनीति कार्यान्वयनमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ र रणनीति कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना तयार गरिनेछ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी, विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि केन्द्रीयस्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

| | |
|---|---|
| १) सचिव, महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय | संयोजक |
| २) सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ५) सहसचिव, गृह मन्त्रालय | सदस्य |
| ६)सहसचिव, शिक्षा मन्त्रालय, | सदस्य |
| ७) सहसचिव, स्वास्थ्य मन्त्रालय | सदस्य |
| ८) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ९) सहसचिव, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| १०) सहसचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |

११) महानिर्देशक, महिला तथा बालबालिका विभाग सदस्य

१२) कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति सदस्य

१३) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी सदस्य

१४)प्रतिनिधि, राष्ट्रिय मानवअधिकार आयोग सदस्य

१५) प्रतिनिधि, राष्ट्रिय महिला आयोग सदस्य

१६) समितिले तोकेको नागरिक समाजको दुईजना प्रतिनिधि सदस्य

१७) सहसचिव, (महिला सशक्तिकरण तथा बालविकास महाशाखा)

महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय सदस्य-सचिव

**१३.२. केन्द्रीय कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः**

१ केन्द्रीय कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिका काम कर्तव्य अधिकार देहायमोजिम हुनेछ :

क) यस रणनीतिको आधारमा कार्ययोजना तयार गर्ने ।

ख) रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्रथमिकताकासाथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

ग) बालबिवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

२. समितिको बैठक कम्तिमा ४ महिनामा एक पटक वस्नेछ ।

३) समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ ।

३) वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**१३.३. जिल्लास्तरीय कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति**

रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहायअनुसारको जिल्लास्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

१.प्रमुख, महिला तथा वालवालिका कार्यालय संयोजक

२.प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सदस्य

३. प्रतिनिधि जिल्ला विकास समितिको कार्यालय सदस्य

४. प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय सदस्य

५. प्रतिनिधि, जिल्ला स्वास्थ्य कार्यालय सदस्य

६. प्रतिनिधि, सरकारी वकिल कार्यालय सदस्य

७. प्रतिनिधि, जिल्ला प्रहरी कार्यलय सदस्य

८.प्रतिनिधी जिल्ला बाल कल्यााण समिति सदस्य

९. समितिले तोकेको नागरिक समाजका दुईजना प्रतिनिधि सदस्य

१०. बाल संरक्षण अधिकृत/बाल संरक्षण निरीक्षक
महिला तथा बालबालिका कार्यालय सदस्य-सचिव

**१३.४ जिल्लास्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य अधिकार :**

१) जिल्लास्तरको कार्यान्वयन, समन्वय र अनुगमन र मूल्याङ्कन समितिको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछ :

क) रणनीति तथा कार्ययोजनामा रहेका बाल बिबाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताकासाथ समावेश गरी सम्बन्धित निकायमा पेश गर्न पहल गर्ने ।

ख) बाल विवाह विरुद्धका कार्यक्रमलाई स्थानीय स्तरसम्म संचालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

घ) केन्द्रीयस्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको निर्देशानुसार काम गर्ने ।

२) समितिको वैठक कम्तिमा २ महिनामा एक पटक वस्नेछ ।

३) समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १:

## राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि सम्बन्धित निकायको भूमिका

| | निकाय | भूमिका |
|---|---|---|
| 1. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | • राष्ट्रिय रणनीतिका अधारमा कार्ययोजना तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।<br>• बाल विवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र पर्याप्त विनियोजनको व्यवस्थापन गर्ने<br>• सम्बन्धित मन्त्रालयलाई बाल विवाह र यससँग सम्बन्धित दाइजो, वैकल्या लगायत अन्य हानिकारक प्रथाहरू सम्बन्धी नीतिमा सुधार गर्न आवश्यक पर्ने सुझाव दिने ।<br>• बाल विवाहको जोखिममा परेका वा पहिल्यै विवाह भैसकेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयन गर्ने गराउने र आवश्यकतानुसार संशोधन तथा परिमार्जन गर्ने<br>• विभिन्न तह तथा निकायमा बाल विवाह अन्त्य गर्नका लागि सम्बन्धित सम्पर्क व्यक्तिको परिचालन तथा क्षमता अभिवृद्धि गर्ने ।<br>• बाल विवाह अन्त्य गर्नका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय रणनीतिबीच समाञ्जस्यता कायम गरी कार्यान्वयन गर्ने । |
| 2. | अर्थ मन्त्रालय | • बाल विवाहलाइ अन्त्य गर्ने कार्यक्रम संचालनका लागि आवश्यक पर्ने स्रोत विनियोजन गर्ने ।<br>• बाल विवाहलाई अन्त्य गर्ने कार्यक्रमका लागि आवश्यकतानुसार सहयोग उपलव्ध गराउन दातृनिकायहरूसंग सहजीकरण गर्ने । |
| 3. | स्वास्थ्य मन्त्रालय | • स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बाल विवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>• बाल विवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ सेवा कार्यक्रमसँग एकीकृत गर्ने । |
| 4. | शिक्षा मन्त्रालय | • बाल विवाह विरुद्ध र वाल विबाहले पुर्‍याउने हानिका विषयका कार्यक्रमहरु विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुर्‍याउने ।<br>• बाल विवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बाल विवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम संचालन गर्ने । |
| 5. | गृह मन्त्रालय | • बाल विवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानूनको कार्यान्वयन गर्न र दाईजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न अर्न्तगतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।<br>• विद्यमान नीति र कानुन अनुसार बाल विवाह गर्ने गराउने व्यक्तिहरूलाई कानुन बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने । |
| 6. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | • बाल विबाह विरुद्धका कार्यक्रमहरुलाई स्थानीय वाल मैत्री शासन कार्यक्रममा एकीकरण गरी बाल विवाह विरुद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अंगको रुपमा विकास गर्ने ।<br>• स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने<br>• पञ्जिकरण कार्यलाई प्रभावकारी बनाउने । |

| | निकाय | भूमिका |
|---|---|---|
| 7. | युवा तथा खेलकुद मन्त्रालय | ● किशोरी तथा बाल विवाहको जोखिममा परेका बालिकाका साथै विवाहित बालिकाहरुलाई लक्षित गरी खेलकुद र अतिरीक्त क्रियाकलापमा सहभागी गराउने कार्यको सुनिश्चितता गर्ने । |
| 8. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ● बाल विवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न राष्ट्रिय कानुन तथा नीतिहरुलाई संबैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अनुरुप पुनरावलोकन गरी समायोजन गर्न कानुन निर्माण र संशोधनका लागि आवश्यक पहल गर्ने ।<br>● बाल विवाह विरुद्धका कानूनहरुको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गर्ने । |
| 9. | राष्ट्रिय योजना आयोग | ● दिगो बिकासको लक्ष्य अनुसार बाल विवाह अन्त्य गर्ने राष्ट्रिय लक्ष्य र किशोर किशोरीका समग्र विकासको राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित सबै क्रियाकलापमा बाल विवाह विरुद्धका कार्यक्रमलाई एकीकृत गर्ने ।<br>● सम्बन्धित मन्त्रालयको बार्षिक कार्यक्रममा बाल विवाहलाई निरुत्साहन गर्ने कार्यक्रम समावेश गर्न प्रोत्साहन गर्ने । |
| 10. | सूचना तथा संचार मन्त्रालय | ● बाल विवाहवाट बालिबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लंघन गर्दा हुने सजायका विषयका साथै बाल विवाह लाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम संचारका माध्यमको परिचालन गर्ने । |
| 11. | उद्योग मन्त्रालय | ● किशोर-किशोरी खासगरी विद्यालयविहीन र विवाह भैसकेका बालिकाका लागि जीवनयापन,स्वरोजगार र रोजगारी कार्यक्रम संचालन गर्ने । |
| 12. | श्रम तथा रोजगार मन्त्रालय | ● किशोरकिशोरी खासगरी जोखिममा परेका, विद्यालयविहीन र विवाह भैसकेका वालिकाको अनौपचारिक क्षेत्रमा हुने श्रम शोषणको अनुगमन गर्ने र कानून विपरित देखिएमा आवश्यक कारवाही गर्ने ।<br>● जोखिममा परेका, विद्यालयविहिन र विवाह भैसकेका किशोरकिशोरीहरुका लागि रोजगारका अवसरहरु श्रृजना गर्ने ।<br>● बाल विवाहवाट प्रभावित बालिकाहरुलाई लक्षित गरी जीविकोपार्जनको लागि व्यावसायिक सीप तथा तालीमको व्यवस्थापन गर्ने । |
| 13. | महान्यायधिवक्ताको कार्यालय | ● बाल विवाहसंग सम्बन्धित मुद्धाहरुमा सरकारी वकिल कार्यालयका कर्मचारीलाई अभिमुखिकरण गर्ने ।<br>● बाल बिवाह सम्बन्धी मुद्धाको अनुसन्धान, अभियोजन, बहस, पैरवी प्रतिरक्षा कार्य प्राथमिकताका साथ गर्ने । |
| 14. | नागरिक समाज | ● वाल विवाहका विरुद्धमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम संचालन गर्ने<br>● वाल विवाहको जोखिम रहेका क्षेत्रमा यस विरुद्धका कार्यक्रमहरु संचालन गर्ने ।<br>● वाल विवाहको अन्त्य गर्ने कार्यमा सरकार,विकासका साझेदार संस्थाहरु र निजी क्षेत्रसंग सहकार्य गर्ने । |